# च्याउ बीउ उत्पादक प्रयोगशालालाई सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*मन्त्रीस्तरबाट स्वीकृत मिति २०७८।०७।०८*

**प्रस्तावनाः** गण्डकी प्रदेशमा च्याउको गुणस्तरीय बीउ उत्पादन तथा सहज उपलब्धता सुनिश्चित गरी बीउको आयात प्रतिस्थापन गर्न र स्वच्छ च्याउको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि प्रदेशभित्र सञ्चालनमा रहेका वा नयाँ स्थापना हुन लागेका च्याउ बीउ उत्पादन गर्ने प्रयोगशालालाई सहयोग गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) यस कार्यक्रम सञ्चालनको लागि च्याउ बीउ उत्पादन गरिरहेका वा उत्पादन गर्न इच्छुक फर्म, कम्पनी, समूह वा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) प्रयोगशालामा च्याउ बीउ उत्पादन सम्बन्धी कार्यमा दक्ष जनशक्ति संलग्न भएको हुनुपर्नेछ।

(ग) छनौट भएको/का संस्थाले च्याउको गुणस्तरीय बीउ उत्पादन गरी प्रचलित बजार मूल्यमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ।

**२. आर्थिक पक्षः** स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही च्याउ बीउ उत्पादनको लागि आवश्यक पर्ने उपकरण तथा सामग्री (लेमिनार फ्लो, अटोक्लेभ, ओभन लगायतका सामाग्रीहरु) खरिदका लागि कुल लागतको बढीमा पचास प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

## ३. मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| **१.** | **प्रयोगशालाको स्थापना** | **२०** |
| क) | नयाँ स्थापना हुने | २० |
| ख) | पुरानो व्यवस्थापन | १० |
| **२.** | **स्थापना हुने वा भएको प्रयोगशालाको स्वामित्व** | **१०** |
| क) | कृषक समूह वा कृषि सहकारी संस्था | १० |
| ख) | निजी स्वामित्व | ५ |
| **३.** | **अनुदानको अवस्था** | **२०** |
| क) | अघिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | २० |
| ख) | अघिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि उत्पादन क्षमता विस्तारका लागि प्रस्ताव पेश गरेको | १० |

| | | |
|---|---|---|
| **४.** | **वार्षिक अनुमानित च्याउ बीउ उत्पादन** | **२०** |
| क) | १०००० के.जी. भन्दा बढी | २० |
| ख) | ५०००-१०००० के.जी. | १५ |
| ग) | ५००० के.जी. भन्दा कम | १० |
| **५.** | **उत्पादन हुने च्याउ बीउको किसिम** | **२०** |
| क) | एक भन्दा बढी प्रजाति | २० |
| ख) | एक मात्र प्रजाति | १० |
| **६.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** ( च्याउ बीउ उत्पादन योजना, लागत, बजार सुनिश्चितता, व्यवस्थापन तथा स्थलगत अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन समितिले १ देखि १० अंकसम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

**४. प्रस्तावसँग संलग्न गर्नु पर्ने कागजातहरु**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमा बैठकको निर्णय प्रतिलिपि।

(ग) प्रयोगशाला आगामी १० वर्षसम्म निरन्तर सञ्चालन गर्ने प्रतिवद्धता पत्र।

५. प्रस्तावको ढाँचा

(क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| **आवेदक संस्थाकोको नाम** | |
| ठेगाना | |
| प्रोपाईटरको नाम | |
| सम्पर्क व्यक्ति | |
| सम्पर्क नं. | |

ख) च्याउ बीउ उत्पादन सम्बन्धी विवरण

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने संस्था/व्यक्तिको नाम थर | हाल उत्पादित च्याउ बीउको जातहरु | हालको उत्पादन (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने जातहरु | थप हुने उत्पादन (के.जी) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| ३ | | | | | |
| **जम्मा** | | | | | |

(ग) कुल रोजगारी सृजना:

(घ) सञ्चालन हुने क्रियाकलापहरु

| क.सं. | क्रियाकलाप | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |
| २ | आफ्नै लागानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |
| | कूल जम्मा | | | | | | |

**(ङ) बजार व्यवस्था (बजार व्यवस्थापनको उपाय):**

**(च) माग गरेको जम्मा अनुदान रकम रु.**

**(छ) अन्य व्यवसायिक योजना**

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/ प्रविधि भए उल्लेख गर्नुहोस)

- अन्य विषय केही भए उल्लेख गर्ने :